# उदयपुरगढी गाँउपालिका

## गाँउ कार्यपालिकाको कार्यालय, उदयपुर

## आ.व. २०७८/७९ को वार्षिक समीक्षा

मितिः २०७९ साउन ०१ गते

स्थानः गाउँपालिकाको सभाहल

<u>प्रस्तुतकर्ता</u>
रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

# गत आ.व.२०७८/७९ को बजेटको समग्र  अवस्था

## सोच:

समग्र विकासका एकीकृत संयोजन र परिचालन मार्फत गाँउपालिकाको समृद्धी, खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै गाँउपालिकालाई विकसित, आधुनिकीकरण मार्फत समग्र आर्थिक विकासमा टेवा पुर्याउने दीर्घकालिन सोचका साथ यो बजेट तथा कार्यक्रम प्रस्तुत गरिएको छ ।

## लक्ष्य :

क) व्यवसायिक कृषि, खाद्य सुरक्षा दिगो विकास मार्फत जनजीवनलाई सहज तुल्याउने ।

ख) गाँउपालिका भित्रका शैक्षिक पुर्वाधार संरचना तथा गुणस्तरमा सुधार ल्याउने ।

ग) कृषि तथा पशुजन्य उत्पादन वृद्धि गरी आत्मनिर्भरता तथा आपूर्तिमा सहजता ल्याउने ।

घ) स्थानीय सरकारको शासन तथा सेवा प्रवाहलाई आधुनिक र गुणस्तरीय बनाउने ।

ङ) स्थानीय स्रोत, साधनको खोजी तथा दिगो उपयोग गर्ने ।

# उद्देश्य :

- विश्वव्यापी रुपमा फैलिरहेको कोभिड १९ को संक्रमणको रोकथाम तथा नियन्त्रण गर्नु,
- भौतिक पूर्वाधार तथा मानवीय संसाधनको विकास गर्दै स्रोत साधनको अधिकतम् उपयोग गरी समृद्ध, समुन्नति, शान्तिपूर्ण गाउँपालिका स्थापना गर्नु,
- लक्षित समूह/वर्गहरुको विकासका लागि समावेशी, समानुपातिकको आधारमा सशक्तिकरण गराउँदै लैजानु,

# अपेक्षीत उपलब्धी:

क) स्थानीय सडक, भवन, सञ्चार, कृषि, शिक्षा लागयतका पूर्वाधारको दिगो विकास भएको हुनेछ ।

ख) गाउँपालिकाको विकासको लागि यस वर्षको बजेटले विकासको आधारशीलालाई थप मजवुत बनाउने छ र तिव्र आर्थिक सामाजिक विकास भएको हुनेछ ।

ग) गाउँपालिका क्षेत्रको तत्कालिन आवश्यकता पूरा भएका हुनेछन भने दीर्घकालिन योजनाहरु बनेका हुनेछन् ।

घ) स्थानीय साधन स्रोतहरुको खोजी भई दिगो उपयोग भएको हुनेछ ।

ङ) लक्षित वर्ग क्षेत्रका मानिसहरुको लागि सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन भएका हुनेछन् ।

च) पर्यटन क्षेत्रको विकास मार्फत आयस्तर वृद्धि भएको हुनेछ ।

छ) स्थानीय सरकारको सेवा प्रवाह शुसासनमैत्री भएको हुनेछ ।

# बजेट तर्जुमाका प्रमुख नीति तथा आधारहरुः

क) सहभागितामूलक योजना तर्जुमा पद्धति अनुसार बस्ती तथा टोलहरुबाट योजना तथा कार्यक्रम संकलन गरिएको थियो ।

ख) उक्त मागहरुलाई सबै वडा समितिले अन्तिम रुप दिई प्राप्त बजेट सिलिंग र मार्गदर्शनका परिधी भित्र रही योजना तथा कार्यक्रमहरु गाउँ कार्यपालिका कार्यालयमा पेश गरियो ।

ग) गाउँ कार्यपालिकाले गठन गरेको बजेट तथा कार्यक्रम तुर्जमा समितिले वडास्तरबाट आएका मागसाथै गाउँपालिका क्षेत्रमा आवश्यक योजना तथा कार्यक्रमहरु समावेश गरी अन्तिम रुप दिई गाउँ कार्यपालिका बैठकमा पेश गरियो ।

घ) गाउँ कार्यपालिकाबाट स्वीकृत गरी गाउँसभा बैठकमा पेश गरिएको छ ।


ङ) जनताको प्रत्यक्ष सहभागिता तथा विषयगत समितिमा व्यापक सहभागिता, छलफल र सहमतिमा यो वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

# आ.व.२०७८/०७९को समग्र आय र व्ययको विवरण

| शीर्षक | प्रस्तावित आय (रु. हजारमा) | वास्तविक आय (रु. हजारमा) | व्यय (रु. हजारमा) |
|---|---|---|---|
| संघीय समानिकरण तर्फ | १६०४०० | १६०४०० | १३४०७६ |
| संघीय सर्शत चालु तर्फ | २४५२७२ | २३७७१८ | २०५५७१ |
| संघीय सर्शत पुँजीगत तर्फ | ३९७५० | २८२३० | ३६४७८ |
| प्रदेश समानिकरण तर्फ | ९५५८ | ९५५८ | ८७७० |
| प्रदेश सशर्त अनुदान तर्फ | ८६७२ | ८६७२ | ६५७९ |
| प्रदेश समपुरक अनुदान तर्फ | १0000 | १0000 | ८६२३ |
| राजस्व बाँडफाँड तर्फ | ९९८९५ | १0२९३1 | ६७२13 |
| आन्तरिक स्रोत तर्फ | ९६२२७ | ९७२७७ | ७४६७४ |
| **सामाजिक सुरक्षा भत्ता तर्फ** | | **१0७५२९** | **१0२६६1** |
| **जम्मा व्यय तर्फ रु.** | **६६९७९५** | **६५४७८६** | **५४२२००** |

# आ.व.२०७८/०७९को बजेटको समग्र अवस्था क्षेत्रगत

| शीर्षक | विनियोजन रकम (हजारमा) | खर्च (रु. हजारमा) | खर्च प्रतिशतमा |
|---|---|---|---|
| आर्थिक विकास तर्फ | ६९०३० | ५०४९९ | ७३.१६% |
| सामाजीक विकास तर्फ | ३०४२९४ | २६२७९१ | ८६.३६% |
| पूर्वाधार विकास तर्फ | १४०५६४ | ११८८७८ | ८४.५७% |
| सुशासन संस्थागत विकास तर्फ | २४९९१ | २१३८५ | ८५.५७% |
| कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ | १३०९१५ | ८८६४६ | ६७.७% |
| जम्मा व्यय तर्फ रु. | ६६९७९५ | ५४२२०० | ८०.९५% |


खर्च प्रतिशत
आर्थिक विकास तर्फ
सामाजिक विकास तर्फ
पूर्वाधार विकास तर्फ
सुशासन संस्थागत विकास तर्फ
कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ
१८%
२२%
२१%
२२%
१७%

# आ.व.२०७८/०७९को बजेटको समग्र खर्च अवस्था
## (संघीय वित्तीय समानिकरण तर्फको खर्च)

| समानिकरण बजेट तर्फ | बजेट रु. (हजारमा) | खर्च रु. (हजारमा) | प्रतिशतमा |
|---|---|---|---|
| आर्थिक विकास | ३००७५ | २३९१३ | ७९.५१% |
| सामाजिक विकास | ४००८९ | ३५३०२ | ८८.०६% |
| पूर्वाधार विकास | ६६०७० | ५३४५८ | ८०.९१% |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | १२९१६ | १०६८८ | ८२.७६ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ११२५० | १०७१३ | ९५.२३% |
| जम्मा व्यय तर्फ रु. | १६०४०० | १३४०७४ | ८५.२९% |

# आ.व.२०७८/०७९को बजेटको समग्र खर्च अवस्था
## (संघीय शसर्त तर्फको खर्च)

| सशर्त बजेट तर्फ | बजेट रु. (हजारमा) | खर्च रु. (हजारमा) | प्रतिशतमा |
|---|---|---|---|
| आर्थिक विकास | २१६८८ | १४७६२ | ६८.०६% |
| सामाजिक विकास | २४९१३० | २१४६९६ | ८६.१८% |
| पूर्वाधार विकास | ३१२९ | ३०९४ | ९८.९१% |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | १०८७५ | ९४९६ | ८७.३२% |
| **जम्मा ब्यय तर्फ रु.** | २८४८२२ | २४२०४८ | **८५.११%** |

# आ.व.२०७८/०७९को बजेटको समग्र खर्च अवस्था
## (अल्या र आन्तरिक श्रोत तर्फको खर्च)

| अल्या र आन्तरिक बजेट तर्फ | बजेट रु. (हजारमा) | खर्च रु. (हजारमा) | प्रतिशतमा |
|---|---|---|---|
| आर्थिक विकास | १२१०० | ८५५० | ७०.६७% |
| सामाजिक विकास | ५६७६ | ४९५१ | ८७.२४% |
| पूर्वाधार विकास | ५९२०७ | ५२२७९ | ८८.३% |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ७७०० | ६८८४ | ८९.४% |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | २१८६९ | ११४३२ | ५२.२८% |
| **जम्मा ब्यय तर्फ रु.** | १०६५५२ | ८४०९६ | ७७.५७% |

# आ.व.२०७८/०७९को बजेटको समग्र खर्च अवस्था
# (राजस्व बाँडफाँड संघ र प्रदेश तर्फको खर्च)

| राजस्व बजेट तर्फ | बजेट रु. (हजारमा) | खर्च रु. (हजारमा) | प्रतिशतमा |
|---|---|---|---|
| आर्थिक विकास | ५०० | ४८० | ९६% |
| सामाजिक विकास | २२० | २१२ | ९६.६१% |
| पूर्वाधार विकास | १६०० | २३२ | १४.५५% |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ९७७९५ | ६६५०१ | ६८% |
| **जम्मा ब्यय तर्फ रु.** | १००११५ | ६७४२५ | ६८.७९% |

# आ.व.२०७८/०७९को बजेटको समग्र खर्च अवस्था
## (प्रदेश समानीकरण तर्फको खर्च)

| प्रदेश समानिकरण तर्फ | बजेट रु. (हजारमा) | खर्च रु. (हजारमा) | प्रतिशतमा |
|---|---|---|---|
| आर्थिक विकास | ३५० | ३४० | ९७.१४% |
| सामाजिक विकास | २५० | २४६ | ९८.४% |
| पूर्वाधार विकास | ८२५८ | ७४८४ | ९०.६३% |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ | ७०० | ७०० | १००% |
| **जम्मा ब्यय तर्फ रु.** | ९५५८ | ८७७० | ९६.५४% |

# आ.व.२०७८/०७९को बजेटको समग्र खर्च अवस्था
## (प्रदेश सशर्त तर्फको खर्च)

| प्रदेश सशर्त तर्फ | बजेट रु. (हजारमा) | खर्च रु. (हजारमा) | प्रतिशतमा |
|---|---|---|---|
| आर्थिक विकास | ४३१७ | २४५३ | ५६.८२% |
| सामाजिक विकास | २८५५ | २६३१ | ९२.१७% |
| पूर्वाधार विकास | १५०० | १४९४ | ९९.६६% |
| जम्मा ब्यय तर्फ रु. | ८६७२ | ६५७८ | ८२.८८% |

# आ.व.२०७८/०७९को बजेटको समग्र खर्च अवस्था
## (प्रदेश समपुरक तर्फको खर्च)

| प्रदेश समपुरक तर्फ | बजेट रु. (हजारमा) | खर्च रु. (हजारमा) | प्रतिशतमा |
|---|---|---|---|
| सामाजिक विकास | ६५०० | ५१२४ | ७८.८४% |
| पूर्वाधार विकास | ३५०० | ३४९९ | ९९.९७% |
| **जम्मा ब्यय तर्फ रु.** | १०००० | ८६२३ | ८९.४०% |

# विषयगत क्षेत्र वार्षिक समिक्षा

## क) आर्थिक क्षेत्र

### ***कृषि तथा पशुपन्छी विकास तर्फ***

कृषि तथा पशु पन्छी विकास शाखा अन्तर्गतका भए गरिएका सम्पन्न कार्यहरु । कृषक समूह सहकारी तथा फर्मसँगको साझेदारीमा बाँझो जग्गाहरुमा फलफूल खेती प्रबर्द्धन कार्यक्रम यस गाउँपालिकाको वडा नं. ४ र वडा नं. ७ मा सञ्चालन गरिएको च्याउँ खेती विस्तार प्रवर्द्धन कार्यक्रम यस गा.पा.को ६ र ७ मा सम्पन्न गरिएको, कृषि यन्त्र औजार उपकरणमा ७५% अनुदान कार्यक्रम सम्पन्न भएको । ४ वटा वडामा १ वडा १ नर्सरी कार्यक्रम सम्पन्न गरिएको । सामुहिक रुपमा खेती गराउने अभिप्रायले सञ्चालन गरिएको प्रस्तावनामा आधारित कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम यसै गाउँपालिकाको वडा नं. ४ र ५ मा सम्पन्न गरिएको । युवा लक्षित तरकारी उत्पादन कार्यक्रम प्रत्येक वडामा २ जना युवा कृषक गरी जम्मा १६ जना कृषकहरुलाई युवा लक्षित तरकारी कार्यक्रममा सहयोग गरिएको । साना सिचाई विशेष कार्यक्रम अन्तर्गत १३ वटा साना सिचाई योजनाहरु सञ्चालन भई सम्पन्न भएका, भकारो सुधार कार्यक्रम अन्तर्गत ३५ वटा भकारो सुधार कार्यक्रमहरु सम्पन्न भएका, त्यस्तै उन्नत विउ रागो वितरण ३ वटा वडामा गरिएको आदि ।

# विषयगत क्षेत्र वार्षिक समिक्षा

## क) आर्थिक क्षेत्र :

- कृषि तथा पशुपन्छी विकास शाखा अन्तर्गतका भए गरिएका सम्पन्न कार्यहरु ।







प्रस्तावनामा आधारीत कृषि कार्यक्रम वडा नं. ५ डुम्रीटार

# ख) आर्थिक क्षेत्र (सहकारी तर्फ)

यस उदयपुरगढी गाउँपालिका सहकारी शाखा अन्तर्गत आ.व. २०७८।०७९ अन्तर्गत सहकारी व्यवस्थापन तालिम १ वटा सञ्चालन गरिएको । सहकारी लेखापालन तालिम सञ्चालन गरिएको साथै सहकारी चौमासिक प्रगति समिक्षा गोष्ठी भएको । सहकारीकर्मी र लेखापरिक्षकहरुबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको । यस आर्थिक वर्षमा जम्मा २ वटा सहकारी संस्थाहरु दर्ता भएका छन् जुन निम्न प्रकार छन् ।

१ जन कल्याण कृषि सहकारी संस्था लि. उ.गा.पा. ६

२ पञ्चावतीमाई कृषि सहकारी संस्था लि. उ.गा.पा. ६

**साथै निम्न संस्थाहरुको अनुगमन गरिएको जुन यस प्रकार छन् ।**

१ शिवालय बचत तथा ऋण सहकारी सं.लि. उ.गा.पा. १

२ महाभारत जडीबुटी सहकारी सं.लि. उ.गा.पा. ३

३ रातमाटे कृषि सहकारी सं.लि. उ.गा.पा.३

४ महिला साना किसान कृषि सहकारी सं.लि. उ.गा.पा. ६

५ माथिल्लो चियाबारी कृषि सहकारी सं.लि. उ.गा.पा. ७

६ छिन्द्रिङदेवी बचत तथा ऋण सहकारी सं. लि. उ.गा.पा. २

७ पौवा लघुउद्यमी बचत तथा ऋण सहकारी सं. लि. उ.गा.पा. ६

# ख) आर्थिक क्षेत्र (सहकारी तर्फ)

## सहकारी शाखा अन्तर्गत भएका कार्यहरूको केही झलकहरुः










# ख) सामाजिक क्षेत्र (स्वास्थ्य सेवा तर्फ)

स्वास्थ्य सेवा तर्फ आ.व. २०७८।०७९ को कार्यक्रम अन्तर्गत पालिका स्तरीय स्वास्थ्य संस्थाहरुको वार्षिक समिक्षा गोष्ठी सम्पन्न भएको । स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड कार्यन्वयन सम्बन्धी २ दिने अभिमुखीकरण र संयुक्त मूल्याङ्कन कार्यक्रम सम्पन्न भएको । विद्यालयहरुमा आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धी स्किनिङ कार्यक्रम भएको । विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम भएको । किशोर किशोरीहरुलाई प्रजनन स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम गरिएको । क्षयरोग पहिचानका लागि माइक्रो स्कोपी क्याम्प सञ्चालन कार्यक्रम गरिएको । स्वास्थ्य संस्थाबाट टाढा रहेका बस्ती तथा स्वास्थ्य सेवामा पहुँच कम भएको जनसंख्यामा माइक्रो स्कोपी क्याम्प सम्बन्धी १ दिने अभिमुखीकरण गरिएको । आमा समुह तथा महिला स्वास्थ्य स्वयम्सेविकाहरुका लागि सामाजिक व्यवहार परिवर्तन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको । पालिका स्तरीय खोप कार्यक्रमको २ दिने सुक्ष्म योजना तयारी गोष्ठी गरिएको । IMNCI सम्बन्धी Onsite Coaching कार्यक्रम गरिएको । पोषण कार्यक्रमको २ दिने समिक्षा गोष्ठी कार्यक्रम सम्पन्न गरिएको ।

## स्वास्थ्य सेवा क्रमश:

स्वास्थ्यकर्मीहरुलाई आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धी २ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको । नसर्ने रोगहरुको बारेमा १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको । पाठेघर खस्ने रोगीहरुको लागि स्क्रिनिङ रिङप्रेसरी तथा VIA जाँच सम्बन्धी १ दिने शिविर कार्यक्रम सम्पन्न गरिएको । पालिका स्तरीय PNC Home Visit Program एक दिने अभिमुखीकरण गोष्ठी सम्पन्न । बृहत पोषण प्याकेज सम्बन्धी ७ दिने क्षमता अभिवृद्धि तालिम सम्पन्न गरिएको । SBA Followup, Memtoring and Onsite Coaching सम्बन्धी तालिम सम्पन्न गरिएको । SMNH Road Map सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको । ANC To PNC Continum of Care कार्यक्रम अभिमुखीकरण गोष्ठी सम्पन्न गरिएको । मातृ सुरक्षा चक्की कार्यक्रमको समिक्षा तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न । विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको आँखा, मुख, नाक, कान, घाँटी र मुटु सम्बन्धी स्वास्थ्य परिक्षण Health Screening कार्यक्रम सम्पन्न भएको । पाँच आधुनिक साधनहरुको उपलब्धता सुनिश्चितता कार्यक्रम सम्पन्न भएको । विश्व स्तनपान सप्ताह २०७८ श्रावण १७ देखि २३ गते सम्म भएको । लामो अवधिको परिवार नियोजनका साधनहरुको सेटलाइट क्लिनिक सञ्चालन गरिएको । भिटामिन A कार्यक्रम सम्पन्न ।

# स्वास्थ्य सेवा अन्तर्गत भएका कार्यक्रमहरुको केही झलकहरु:












# स्वास्थ्य सेवा अन्तर्गत भएका कार्यक्रमहरुको केही झलकहरु:











# स्वास्थ्य सेवा अन्तर्गत भएका कार्यक्रमहरुको केही झलकहरु:












# स्वास्थ्य सेवा अन्तर्गत भएका कार्यक्रमहरुको केही झलकहरु:












# ख) सामाजिक क्षेत्र (बहुक्षेत्रीय पोषण तर्फ)

आ.व. २०७८।०७९ को संघीय तथा समानिकरण अनुदान तर्फका कार्यक्रमहरु समयमै सम्पन्न भएका छन् । पोषण सुधारका लागि विपन्न महिला सहकारी वा समुहमा आयआर्जनका लागि अनुदान ६,२५,०००।- दिएको । पोषणका विषयहरुलाई प्रचार प्रसार गराउने विषयमा विज्ञान सुचना जिंगल होर्डिङ बोर्ड निर्माण तथा प्रसारण गरिएको छ । बाल अनुदानको प्रभावकारी उपयोगका लागि आमा तथा शिशु स्याहारकर्ताहरुलाई पोषण सम्बन्धी अभिमुखीकरण गरिएको । किशोरीहरुको नियमित विद्यालय सुनिश्चितता पोषण खानपान तथा सरसफाई सम्बन्धी किशोरी अभिभावक विद्यालय व्यवस्थापन समिति र शिक्षकबीच अन्तरक्रिया कार्यक्रम गरिएको । विद्यालयका छात्र छात्राहरुलाई व्यक्तिगत सरसफाई तथा हात धुने तरिका बारे अभिमुखीकरण कार्यक्रम गरियो । महिला समुह सहकारी संस्थाका सदस्यहरुलाई आय आर्जनका तथा पोषण सम्बन्धी १ दिने तालिम सम्पन्न गरिएको छ ।

जसमध्ये बहुक्षेत्रीय पोषण अन्तर्गत विनियोजित कुल बजेट २२,३३,३३३।- मध्ये ११,६७,८८६।- (५२.२९%) खर्च भएको छ ।

# ख) सामाजिक क्षेत्र (बहुक्षेत्रीय पोषण तर्फ)

## बहुक्षेत्रीय पोषण तर्फ भए गरेका कार्यहरुको केही झलकहरु:












# ख) सामाजिक क्षेत्र (शिक्षा शाखा तर्फ)

शिक्षा यूवा तथा खेलकुद शााखाको आ.व. २०७८।०७९ को गाँउपालिकामा (समानिकरण) तथा संघीय अनुदान तर्फका कार्यक्रमहरु समयमै सम्पन्न भएका छन् । नियमित रुपमा विद्यालयमा हुनुपर्ने निकासा गरिएको छ । शसर्त अनुदान तर्फका कार्यक्रमहरु विज्ञान प्रयोगशाला, आइ.सि.टी., पुस्तकालय, विद्यालय भौतिक पूर्वाधार निर्माण, दिवा खाजा, पाठ्यपुस्तक अनुदान, छात्रवृत्ति लगायतका विद्यालयसँग सम्वन्धित अनुदान वितरण समयमै गएिको छ । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गका ICT र विद्यालयमा भवन निर्माण कार्यक्रम भएको छ । एकीकृत शैक्षिक व्यवस्थापन सुचना प्रणाली (IEMIS) तालिम, कक्षा ४, ७ र ९ को पाठ्यक्रम प्रवोधिकरण कार्यक्रम सञ्चालन, प्रारम्भिक बालविकास सहजकर्ताहरुको पूर्नताजगी तालिम सञ्चालन गरिएको । प्राविधिक शिक्षा छात्रवृति तथा विपन्न लक्षित छात्रवृत्ती, विशेष कक्षाको आवासिय छात्रवृत्ति प्रदान गरिएको छ । नमुना विद्यालयको भौतिक पूर्वाधार निर्माण अनुदान साथै शैक्षिक तथा व्यवस्थापकिय पक्षका कार्यक्रम कार्यान्वयन भएका छन् । कक्षा ८ को आधारभूत तह उत्तिर्ण परीक्षा सञ्चालन गरिएको छ ।

# ख) सामाजिक क्षेत्र (शिक्षा शाखा तर्फ)

## शिक्षा यूवा तथा खेलकुद शाखाको अन्तर्गत भएका कार्यहरुको केही झलकहरु:







# ख) सामाजिक क्षेत्र (उद्यम विकास तर्फ)

यस उदयपुरगढी गाउँपालिकामा **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम** अन्तर्गतको २०७८/०७९ को आर्थिक वर्षको प्रगति यस पालिकामा घरधुरी सर्वेक्षण (PRA) २ वटा गरी १०० जनाको सर्वेक्षण फारम संकलन गरियो। समूह गठन ५ वटा गरी समुहमा आवद्ध भएका उद्यमीहरुलाई उद्यमशिलता विकासका २ वटा तालिम सम्पन्न गरियो । जसबाट १० वटा व्यवसाय छनौट भएका छन् त्यसको व्यवसायिक योजना तयारी गर्ने काम गरी ८७ जनालाई सिप तालिम दिइसकिएको छ । साझा सुविधा केन्द्रको भवन १ वटा रहेको र प्रविधि हस्तान्तरण ५२ जनालाई गरिएको छ । सिप तालिम स्तरोन्नती तर्फ ३४ जनालाई दिएको र प्रविधि प्राप्त गर्ने लघु उद्यमीको संख्या १२ जना रहेको अवस्था छ ।

लघु उद्यम विकास कार्यक्रमको लागि आएको जम्मा बजेट ३२,००,०००।- मध्ये बाट ३१,१८,४१३।- (९७.४५%) रुपैयाँ खर्च भएको छ । जस मध्ये नयाँ उद्यमी तर्फ २१६००००।- स्तरोन्नती तर्फ ४०००००।-  साझा सुविधा भवन केन्द्रका लागि ५०००००।- र प्रविधि हस्तान्तरणका लागि १४००००।- रहेको छ ।

# ख) सामाजिक क्षेत्र (उद्यम विकास तर्फ)

## उद्यम विकास तर्फ भएका कार्यहरुको केही झलकहरु:











# ख) सामाजिक क्षेत्र (प्रधानमन्त्री रोजगार सेवा तर्फ)

**आ.व. २०७८/०७९ को प्रगति प्रतिवेदन**

१. आ.व. २०७८।०७९ का लागि पुरुष २०४ र महिला १८५ गरि जम्मा ३८९ जना बेरोजगार EMIS मा प्रविष्ट गरी सूचिकृत गरेको ।

२. सूचिकृत ३८९ जना बेरोजगारहरु मध्ये १२५ जनालाई रोजगारी उपलब्ध गराईएको ।

३. १२५ जनालाई रोजगारी उपलब्ध गराईएको मध्ये १२० जनाले औषतमा ९८.२५ दिनको रोजगारी प्राप्त गरेका ।

४. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा नं. १, २ र ४ मा २।२ वटा र वडा नं. ३ र ७ मा १।१ वटा र वडा नं. ६ मा ३ वटा जम्मा १० वटा सडक मर्मत र निर्माण सम्बन्धी र एक वटा सामुदायिक पुर्वाधार निर्माण गरी जम्मा ११ वटा योजनाहरू सम्पन्न गरेको ।

५. आ.व. २०७८/०७९ मा श्रमिकको ज्यालामा मात्र रू.६७,९५,३२९।-रूपैयाँ रकम खर्च भएको ।

६. कार्यक्रमको कूल बजेट मध्ये ९० प्रतिशत रकम खर्च भएको ।

७. लाभग्राहीहरूको बैंकमा व्यक्तिगत खाता खोलि पारिश्रमिक बैंक मार्फत भुक्तानी गरेको ।

८. सञ्चालित योजनाहरू मध्ये ४ वटा योजनाहरुमा आवश्यकताको आधारमा जम्मा रू.६,१२,६४०।- रुपैयाँ रकम स्थानिय तहले लागत साझेदारी गरेको ।

# ख) सामाजिक क्षेत्र (प्रधानमन्त्री रोजगार सेवा तर्फ)

**क्रमशः**

९ लागत साझेदारीमा सञ्चालित योजनाहरू लागत साझेदारी नगरेका योजनाहरूको तुलनामा ज्यादा प्रभावकारी, दिगो र उच्च गुणस्तरीय भएका ।

१० सबै लागभग्राहिहरूलाई अभिमुखीकरण गराई परिचयपत्र दिएर मात्र काममा लगाइएको ।

११ आ.व. २०७९/०८० का लागि ४१९ जना बेरोजगारहरूको निवेदन सङ्कलन गरि EMIS मा प्रविष्ट गरेको ।

१२ बिभिन्न स्थानमा प्राप्त हुने रोजगारीका अवसरहरुबारे सरोकारबालाहरुलाई जानकारी गराएको ।

१३ यस कार्यक्रमसँग सम्बन्धि प्रतिवेदन नियमित रुपमा प्रमुख प्रशासकीय अधिकृत, उदयपुरगढी गाउँपालिकाको कार्यापालिका बैठक, समाजिक विकास मन्त्रालय प्रदेश नं. १ र श्रम रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रममा गर्ने गरेको ।

१४ रोजगार व्यवस्थापन सूचना प्रणालीमा पूर्णरूपमा तथ्याङ्कहरु प्रविष्ट गरेको ।

१५ रोजगारदाताहरुलाई रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारहरूलाई रोजगारी उपलब्ध गराउन अनुरोध गर्ने ।

# ख) सामाजिक क्षेत्र (प्रधानमन्त्री रोजगार सेवा तर्फ)

## प्रधानमन्त्री रोजगार सेवा तर्फ गरिएका कार्यहरुको केही झलकहरु:











# ग) पूर्वाधार विकास क्षेत्र तर्फ

आ.व. २०७८।०७९ को गाउँसभाबाट स्विकृत कार्यक्रम बमोजिम पुर्वाधार मध्ये वडा भवन कार्यालयहरु वडा नं. ४, ५ र ७ निर्माणाधीन अवस्थामा रहेको । पालिकाको आवासगृह दोश्रो तल्ला थप गरिएको । आ.वि नमुनादेवी भवन निर्माण वडा नं. २, आ.वि. गैडाखोर २ कोठे ट्रस्ट भवन र शौचालय निर्माण भएको । खत्रीटार धर्मशाला भवन निर्माण वडा नं. ६, मा.वि. नेपालटार ४ कोठे भवन निर्माण वडा नं. ६ । तिनतले छ्यागा रामभञ्जयाङ खानेपानी निर्माण ४, धिलेखोला मुहानगरी सिमसिमे खानेपानी २ निर्माणाधीन भएको । गाउँपालिका भरीको सडक सरसफाई तथा मर्मत, रातमाटे मौवासी आँपटार सडक निर्माण र कल्भर्ट निर्माण । १५ शैया आधारभूत अस्पताल निर्माण उ.गा.पा. ५ मा निर्माणाधीन रहेको । पुरानोगढी पुन:निर्माण निर्माणाधीन रहेको । आधारभूत स्वास्थ्य चौकी भवन निर्माणाधीन वडा नं ७ मा रहेको । मा.वि भुमरे ४ कोठे भवन निर्माणाधीन रहेको । जोगीधारा लिफ्टिङ खानेपानी निर्माण भएको वडा नं. ५ मा रहेको । उ.गा.पा. भरीको लागि तारजाली खरिद गरी नदी तथा पहिरो नियन्त्रण गर्ने काम भएको । कोन्ज्योसोम गुम्बा निर्माणाधीन वडा नं. ३, नेपालटार गुम्बा वडा नं. ६ निर्माणाधीन, परेवा झरना पैदलयात्रा मार्ग निर्माण सम्पन्न, शिवालय मन्दिर वडा नं. ३, पुजारीटार मन्दिर निर्माण वडा नं. २ सम्पन्न भएको । सरस्वती मन्दिर आ.वि. मुर्मे निर्माण सम्पन्न भएको ।

## ग) पूर्वाधार क्षेत्र

**पूर्वाधार विकास क्षेत्र अन्तर्गत भएका कार्यहरूको केही तस्बीरहरूः**

उ.गा.पा. वडा नं ४ वडा कार्यालय भवन



उ.गा.पा. वडा नं ५ वडा कार्यालय भवन





उ.गा.पा. वडा नं ७ वडा कार्यालय भवन

## ग) पूर्वाधार क्षेत्र

पूर्वाधार विकास क्षेत्र अन्तर्गत भएका कार्यहरुको केही तस्बीरहरु:

उ.गा.पा. वडा नं ५ टुडिखेल घेराबेरा निर्माण



साना सिचाइको सहयोगद्वारा निर्माण वडा नं. ८





तिनतले छ्यागा खानेपानी योजना वडा नं ४

## ग) पूर्वाधार क्षेत्र

**पूर्वाधार विकास क्षेत्र अन्तर्गत भएका कार्यहरुको केही तस्बीरहरु:**

**उ.गा.पा. ५ पुरानो गढी पुन:निर्माण योजना**



**सरस्वती मन्दिर वडा नं. १ मुर्मे विद्यालय**





**सिमसिमे धिले खोला खानेपानी योजना वडा नं. २**

आ.वि. गैँडाखोर स्कुल शौचालय निर्माण वडा ८



उ.गा.पा. वडा नं ५ पुरानोगढी पुनःनिर्माण योजना





आ.वि. गैँडाखोर स्कुल २ कोठे ट्रस्ट भवन वडा ८



धर्मशाला निर्माण उ.गा.पा. वडा नं ६

परेवा झरना सिडि निर्माण उ.गा.पा. वडा नं. ३



वडा नं. ७ स्वास्थ्य चौकी भवन निर्माण





उ.गा.पा. ६ नेपालटार गुम्बा भवन निर्माणाधीन



उ.गा.पा. ७ हाडेबास मञ्च निर्माणाधीन

# घ) वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फः

आ.व. २०७८।०७९ को गाउँसभाबाट स्विकृत कार्यक्रम बमोजिम वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ श्रावण भाद्र महिनामा भएको अविरल वर्षाबाट आएको पहिरोको क्षति अनूरुप वडा नं. ४ र ६ को प्रभावित २ घर परिवारका व्यक्तिहरुलाई राहत स्वरुप रकम उपलब्ध गराईएको । स्थानीय विपद् व्यवस्थापन कार्यविधि बमोजिम हुनेगरी नियमानुसार राहत उपलब्ध गराईएको । यसै गरी २०७८ फागुन र चैत्र महिनामा वडा नं १ देखि ८ वटै वडाका विभिन्न स्थानहरुमा २० घर आगलागी भई १ जनाको मृत्यु समेत भएको र धनजनको समेत ठूलो क्षति भएकोले उक्त घर परिवारलाई राहत उपलब्ध गराइएको । २०७९ बैशाख र जेष्ठ महिनामा आएको चट्याङ र हावाहुरीबाट घर भत्किएको, २ जना घाइते भएको र १ जनाको मृत्यु समेत भएकोले राहत उपलब्ध गराइएको । २०७८।०४।०७ मा करेन्ट लागेर गाई, गोरु र बाख्रा गरी जम्मा ५ वटा वस्तुको मृत्यु भएकोले राहत उपलब्ध गराइएको ।

# घ) वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फः

## विपद् व्यवस्थापन तर्फ घटेका घटनाहरुका केही झलकहरुः



# ङ) सुशासन तथा संस्थागत बिकास

यस गाउँपालिकामा सेवा प्रवाहका विषयमा प्रविधि मैत्री बनाउन आधारभूत संरचनाहरु तयार गरिदै लगिएको छ, गाउँपालिकाको न्यायीक समिति, पूर्वाधारका कार्यक्रमहरुको योजनाहरु ब्यवस्थीत गर्न सफ्टवेयर मार्फत सबै वडाका योजनाहरु ईन्ट्री गरी सकिएको । खोलानालाबाट नदि जन्य पदार्थहरु निकाशीका लागी प्रारम्भीक वातावरणीय परिक्षण कार्य सम्पन्न भई मदन भण्डारी राजमार्गलाई नदिजन्य पदार्थ विक्री गरिएको अवस्था रहेको छ । तथा गाउँपालिकाको वास्तविक तथ्याङ्कमा आधारित भएर डीजीटल भिलेज प्रोफायल बनाउने काम सम्पन्न गरीएको छ । फ्युल र सवारी सर्भिसिङ्गका लागि सफ्टवेयर ल्याइएको । राजस्व संकलनका लागि मालपोत कर र नगदी करका लागि सफ्टवेयरद्वारा व्यवस्थापन गरिएको । ID Card र लाभग्राही परिचयपत्र बनाउन प्रिन्टर खरिद गरी सफ्टवेयरबाट बनाउन थालिएको ।

**सुझाव एवं जिज्ञासाको लागि... उदयपुरगढी गाँउपालिकाको कार्यालयको आधिकारिक इमेल udayapurgadhirm@gmail.com मा सम्पर्क राख्नुहुन अनुरोध छ।**

# धन्यवाद !